**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# आन्तरिक मूल्याङ्कनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

**द्वारिकाप्रसाद भण्डारी, एम.फिल.**
वीरेन्द्र विद्या मन्दिर क्याम्पस
टीकापुर, कैलाली

---

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Dwarika Prasad Bhandari, dwarikatkp@gmail.com
Orcid : https://orcid.org/0009-0007-6048-9943
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80140

---

## लेखसार

विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्नका लागि अपनाइने कार्यकलाप आन्तरिक मूल्याङ्कन हो । यसले विद्यार्थीको सिकाइ स्तर मापन गर्न सहयोग गर्छ । आधारभूत तहमा हुने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा पार्ने प्रभावको विश्लेषण गर्नु अध्ययनको उद्देश्य हो । अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । प्राथमिक स्रोत सामग्रीमा कैलाली जिल्लाको टीकापुर नगरपालिकाभित्रका नमुना छनोटमा परेका दसवटा विद्यालयबाट प्रति विद्यालय छजनाका दरले जम्मा साठीजना सूचक लिई प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट सामग्रीको सङ्कलन गरिएको छ भने द्वितीयक स्रोत सामग्रीमा पुस्तकालय अध्ययन कार्यको प्रयोग गरी विभिन्न सन्दर्भपुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिबाट सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई वर्णनात्मक पद्धति अवलम्बन गरी निष्कर्ष निकालिएको छ । विद्यालयका प्रधानाध्यापक, नेपाली भाषा शिक्षक र विद्यार्थीहरूलाई विद्यालयको आधारभूत तहमा हुने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावबारे सूचकलाई प्रश्न सोधी उनीहरूले दिइएका अभिमतको सार विश्लेषण विधिका आधारमा विश्लेषण गरिएको छ । सूचकले दिएका अभिमतका आधारमा

सबैजसो विद्यालयमा आन्तरिक मूल्याङ्कन हुने गरेको पाइएको छ । आन्तरिक मूल्याङ्कन हुने विद्यालयमा विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको र आन्तरिक मूल्याङ्कन नहुने विद्यालयमा सोचेजस्तो विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन नसकेको कुरा प्रस्तुत अध्ययनबाट स्पष्ट भएको छ । विद्यालय प्रशासन (प्रधानाध्यापक) र विद्यालय निरीक्षकले नेपाली भाषा शिक्षकको नियमित कक्षा प्रस्तुति र विद्यार्थीका शैक्षिक कार्यकलापको नियमित अवलोकन तथा निरीक्षण गरेमा विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन सकिने कुराको अपेक्षा गरिएको छ ।

**मुख्य शब्दावली :** आधारभूत, निरन्तर, मूल्याङ्कन, सिकाइ, उपलब्धि ।

## अध्ययनको पृष्ठभूमि

विद्यालय शिक्षामा आधारभूत तह भन्नाले एक कक्षादेखि आठ कक्षासम्म पठनपाठन हुने विद्यालयको तहगत संरचनालाई बुझाउँछ । शिक्षा ऐन, २०२८ को आठौं संशोधन, २०७३ को दफा २ (ख) काअनुसार आधारभूत तह भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म शिक्षा दिने विद्यालय सम्झिनु पर्छ भनिएको छ (शिक्षा ऐन, २०२८) । शिक्षा नियमावली २०५९ को नियम ७८ को उपनियम (६) ले पाँच वर्ष उमेर पुरा नभएकालाई एक कक्षामा भर्ना नगरेता पनि सामान्यत पाँच वर्षदेखि नौ वर्षसम्मका बालबालिकाहरूलाई प्राथमिक विद्यालय उमेरका बालबालिका भनेको छ (शिक्षा, नियमावली, २०५९) । प्राथमिक शिक्षा औपचारिक शिक्षा पद्धतिको आधारभूत तह हो । यो तह पूरा गरेपछि आधारभूत तहको शिक्षा प्राप्त हुन्छ । आधारभूत तह औपचारिक शिक्षाको पहिलो खुट्किलो हो । आधारभूत शिक्षालाई अन्तराष्ट्रिय स्तरमा बाल अधिकार तथा मानव अधिकारका रूपमा मानिदै आएको छ । त्यसैले यसलाई मानवको मौलिक अधिकारका रूपमा लिने गरिन्छ । यसलाई बालबालिकाहरूका लागि भावी शैक्षिक गतिविधि कता लैजाने भन्ने आधारशीलाका रूपमा लिने गरिन्छ । आधारभूत तह पूरा नगरी अन्य तहमा प्रवेश नै पाइदैन् । त्यही भएर यसलाई औपचारिक शिक्षा पद्धतिको माध्यमबाट उच्च शिक्षासम्मको अध्ययन गर्ने आधार वा जग मानिन्छ । आधारभूत शिक्षाका आधारमा हरेक बालकले आफ्नो भावी शैक्षिक गतिविधि छनौट गरी जीवनलाई एक निर्दिष्ट बाटोमा लगाउने काम गर्दछ ।

यस तहमा प्राप्त गरिने आधारभूत शिक्षाले हरेक बालबालिकामा अन्तरर्निहित प्रतिभा, व्यक्तित्व विकास, व्यक्तिको चरित्र विकास गर्न, मानवीय सुमधुर सम्बन्ध कायम गर्न, आर्थिक दक्षता बढाउनका साथै विविध ज्ञानको समेत अभिवृद्धि गरी स्वस्थ समाजको निर्माण गर्न सहयोग गर्छ । आधारभूत तहमा प्रारम्भिक बाल शिक्षा, प्राथमिक शिक्षा (कक्षा १-५) र निम्नमाध्यमिक/आधारभूत शिक्षा (कक्षा ६-८) सम्मलाई लिने गरिन्छ । वर्तमान शिक्षा ऐन २०२८ को आठौं संशोधन (२०७३) ले आधारभूत तह भन्नाले प्रारम्भिक बाल कक्षादेखि कक्षा

आठसम्म दिइने वा लिइने शिक्षा बुझिन्छ । यस तहलाई बालबालिकाको साक्षरता तह पनि भनिन्छ । आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने, कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने रहेको छ । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्ने, सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान हुन्छन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नानुसार छन : देशप्रेम, राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन गर्नु, भाषिक तथा सञ्चार सिपको विकास गर्नु, व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग गर्नु, सूचना तथा विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्नु, तार्किक एवम् व्यावहारिक गणितीय ज्ञान, सिप, अभिवृत्तिको विकास र प्रयोग गर्नु हो ।

आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीहरूका सिकाइ उपलब्धिमा विभिन्न किसिमका प्रभाव पार्ने गरेको पाइन्छ । कक्षाकोठामा गरिने मूल्याङ्कनले विद्यार्थीहरूलाई सिकाइमा प्रोत्साहन गर्नुका साथै सिकाइको सुधारका लागि प्रसस्त मार्ग प्रस्तुत गर्नुपर्दछ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरूको उपयोग गरी विद्यार्थीका सिकाइको निरन्तर लेखाजोखा गर्न मूल्याङ्कनले महत्त्वपूर्ण भूमिका खेल्नु पर्दछ । सिकाइमा मूल्याङ्कनले विद्यार्थीको वास्तविक अवस्था पत्ता लगाई अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थीका लागि उपयोगी हुने गर्दछ । आधारभूत तहमा विद्यार्थीको मूल्याङ्कन सामान्यतया दुई किसिम (निर्माणात्मक र निर्णयात्मक) ले हुने गर्दछ । यी दुवै तरिकाबाट गरिएको मूल्याङ्कनले आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाको सिकाइ उपलब्धिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव पार्ने गर्छ । मूल्याङ्कनपश्चात कुनै पनि विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित उपलब्धि सुनिश्चित गर्नुपर्ने हुन्छ ।

नेपालमा शैक्षिक क्षेत्रअन्तर्गत विद्यालय तहमा विद्यार्थीको शैक्षिक मूल्याङ्कन विभिन्न किसिमले गर्ने गरिएको पाइन्छ । आधारभूत तहमा गरिने मूल्याङ्कनलाई आन्तरिक र बाह्रय गरी दुई किसिमले बर्गीकरण गरिएको छ । जसका कारण आन्तरिक मूल्याङ्कनले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्दछ । आन्तरिक मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि बढाउने महत्त्वपूर्ण तत्त्वका

रूपमा लिने गरिन्छ । आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पार्ने गर्दछ भन्ने सम्बन्धमा शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ को पाँचौ संशोधन (२०७३) ले केही चर्चा परिचर्चा गरेपनि अन्य क्षेत्रबाट यसबारेमा अध्ययन तथा अनुसन्धान नभएकाले विद्यालयको आधारभूत तहमा गरिने विद्यार्थीको आन्तरिक मूल्याङ्कनलाई ठुलो समस्याका रूपमा लिइएको छ । अध्ययनले आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पार्ने गरेको छ ? भन्ने विषयलाई बढी महत्त्वका साथ हेरेको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावबारे विश्लेषण गर्नु रहेको छ ।

## अध्ययन विधि

अनुसन्धानमा विधिको महत्त्वपूर्ण भूमिका रहने गर्छ । प्रस्तुत अध्ययन कार्य सम्पन्न गर्न पुस्तकालयीय अध्ययन कार्यको प्रयोग गरी क्षेत्रीय अध्ययन र नमुना छनोट विधि अपनाइएको छ । अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । सामग्री सङ्कलनका विधिअन्तर्गत प्राथमिक र द्वितीयक स्रोतमध्ये प्राथमिक स्रोतका लागि नमुना छनोटमा परेका दसवटा विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक र चालिसजना विद्यार्थीहरूलाई खुला प्रश्नावलीका माध्यमबाट सामग्रीको सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतको सामग्री सङ्कलनका लागि विशेष गरी पुस्तकालय अध्ययन कार्यको प्रयोग गरी विभिन्न सन्दर्भपुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिकाबाट सामग्रीको सङ्कलन गरिएको छ । अध्ययनलाई वस्तुगत बनाउने क्रममा सहभागीको छनोट, तथ्य सङ्कलन, सङ्कलित तथ्यको व्याख्या तथा प्रस्तुतीकरणजस्ता सर्वेक्षणात्मक विधिका सहायताले विभिन्न पक्षहरूको उपयोग गरिएको छ । अध्ययनमा अवलम्बन गरिएका प्रक्रियाहरू यसप्रकार रहेका छन :

***सहभागीको पहिचान :*** प्रस्तुत अध्ययनमा सहभागिताका लागि कैलाली जिल्लाको टीकापुर नगरपालिका वडा न.एकभित्रका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी दसवटा विद्यालयमा कार्यरत दसजना प्रधानाध्यापक, दसजना नेपाली विषय शिक्षक, एकजना विद्यालय निरीक्षक र चालिसजना विद्यार्थीलाई सहभागीका रूपमा पहिचान गरिएको छ ।

***सामग्रीको सङ्कलन :*** अध्ययन आधारभूत तहमा सिकाइ उपलब्धिमा आन्तरिक मूल्याङ्कनको उपयोगसम्बन्धी भएकाले प्राथमिक स्रोतलाई आधार मानी सामग्रीको निर्माण गरिएको छ । सामग्री निर्माण गर्न छनोटमा परेका दसओटा विद्यालयका प्रति विद्यालय एकजना प्रधानाध्यापक, एकजना नेपाली विषय शिक्षक र चालिसजना विद्यार्थीलाई आधारभूत तहमा विद्यार्थीको सिकाइ उपलब्धि बढाउन आन्तरिक मूल्याङ्कनको उपयोग के कसरी हुने गरेको छ भनी खुला प्रश्नावलीका माध्यमबाट सामग्रीको सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ भने सहभागी प्रधानाध्यापक, नेपाली विषय शिक्षक र विद्यार्थीसँग मौखिक अन्तर्वार्ता लिई सूचकले दिएका सूचना तथा अभिमतलाई प्राथमिक स्रोतका सामग्री र विभिन्न सैद्धान्तिक पुस्तक, शोधपत्र, पुस्तकालय अध्ययन कार्य, जर्नल, अनुसन्धानमूलक लेख, विभिन्न लेखरचनाहरू, पत्रपत्रिका, सामाजिक सञ्जालबाट प्राप्त सामग्रीलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ ।

***सामग्री वा उपकरण निर्माण :*** प्रस्तुत अध्ययनमा सूचक प्रधानाध्यापक, नेपाली विषय शिक्षक र कक्षा आठमा अध्ययनरत चालिसजना विद्यार्थीहरूलाई आधारभूत तहमा विद्यार्थीको सिकाइ उपलब्धि बढाउन आन्तरिक मूल्याङ्कनको उपयोग के कसरी हुने गरेको छ भन्नेबारे १० ओटा खुला प्रश्नावली निर्माण गरिएको छ । सिकाइ उपलब्धिमा आन्तरिक मूल्याङ्कनको प्रयोग कसरी गर्नु हुन्छ, र कसरी हुने गरेको छ भन्ने प्रश्नको उत्तर आउने खालका प्रश्नको निर्माण गरिएको छ ।

***तथ्यको वर्गीकरण र विश्लेषण प्रक्रिया :*** अध्ययनमा प्रधानाध्यापक, विषय शिक्षक र कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले सिकाइ उपलब्धि बढाउन आन्तरिक मूल्याङ्कनको उपयोग हुनेबारे सूचकले दिएका सूचना सङ्कलन गरी सबै सूचकका (प्रधानाध्यापक, नेपाली विषय शिक्षक र विद्यार्थीहरू) दृष्टिकोण तथा अभिमतलाई छुट्टाछुट्टै शीर्षक तथा उपशीर्षकमा राखी विभिन्न थिपका आधारमा अध्ययन कार्यलाई विश्वसनीय र भरपर्दो बनाउन सूचकका समान वा असमान विचारको सार विश्लेषण विधिका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## परिणाम तथा छलफल

आधारभूत तहमा हुने आवधिक परीक्षाले विद्यार्थीको सिकाइगत मूल्याङ्कनअन्तर्गत निर्णयात्मक मूल्याङ्कन गरिने र त्यसले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यससन्दर्भमा विद्यार्थीमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्छ

भन्ने दृष्टिकोणमा आधारित रहेको छ । कक्षाकोठामा गरिने आन्तरिक मूल्याङ्कन प्रक्रिया, रणनीति तथा शैक्षणिक साधनहरूको प्रयोग गर्नु आवश्यक हुन्छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरूको प्रयोग गरेर विद्यार्थीमा सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगका रूपमा अभ्यास गरी सिकाइमा सुधार ल्याउन सकिन्छ । आधारभूत तहमा शिक्षाको उद्देश्य ४ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय प्रवेशको पूर्वतयारीका लागि योग्य बनाउनु रहेको छ । आधारभूत तहको शिक्षामा गुणस्तरीयताको पहुँच सुनिश्चित गरी तिनको सामाजिक, मानसिक, शारीरिक, संवेगात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गराउनु रहेको छ । अपेक्षित सिकाइ उपलब्धि हासिल गरिसकेका विद्यार्थीलाई माध्यमिक शिक्षामा तयारी गराउनु र विद्यार्थीलाई जीवनोपयोगी सिप एवम् मूल्यमा आधारित शिक्षा प्रदान गर्नुका साथै मुलुकको राष्ट्रिय अर्थतन्त्र तथा सन्तुलित सामाजिक, सांस्कृतिक विविधताबारे परिचित गराउनु पनि रहेको छ । आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पार्ने गर्दछ भनी अध्ययनमा सहभागी छनोटमा परेका सूचक प्रधानाध्यापक, विषय शिक्षक र विद्यार्थीहरूले व्यक्त गरेका वैचारिक दृष्टिकोण लिई तिनको विश्लेषण गरिएको छ। जसलाई यसरी उल्लेख गरिएको छ :

**सहभागी प्रधानाध्यापकका दृष्टिकोण**

प्रस्तुत अध्ययनमा कक्षाकोठामा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भनी कैलाली जिल्लाको टीकापुर नगरपालिकाभित्रका दसओटा माध्यमिक तहका प्रधानाध्यापकलाई खुला प्रश्नावलीका माध्यमबाट आधारभूत तहमा आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावबारे उनीहरूले आ-आफ्नो दृष्टिकोण राखेका छन् जसमा उनले विद्यार्थीको आन्तरिक मूल्याङ्कन शैक्षिक सत्र शुरू भएसँगै शिक्षण सिकाइ क्रियाकलापअन्तर्गत विद्यार्थीहरूले के कति क्षमता हासिल गरे भनी गरिने कार्य भएको बताएका छन् । उनीहरूले विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्न लिखित परीक्षाबाहेक अन्य अतिरिक्त क्रियाकलाप (ECA) र (CCA) द्वारा पनि विद्यार्थीको मूल्याङ्कन हुने गरेको बताएका छन् ।

प्रधानाध्यापकले विद्यार्थीमा गरिने आन्तरिक मूल्याङ्कनले उनीहरूको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने जसअन्तर्गत विद्यार्थी विद्यालयमा नियमित उपस्थित भएनभएको रेकर्ड हेर्न, हाजिरीका आधारमा विद्यार्थी निर्धारित समयमा विद्यालयमा आएको वा नआएको अभिलेख राख्न सजिलो हुने बताएका छन् । नियमित विद्यालय आउने विद्यार्थीको शैक्षिक उपलब्धि नियमित रूपमा नआउने विद्यार्थीको दाँजोमा राम्रो हुने

गरेको अनुभव प्रधानाध्यापकले सुनाएका छन् । जिल्ला शिक्षा कार्यालयले लिने गरेको वार्षिक परीक्षाले समेत मूल्याङ्कनको आधार बनाएको देखिन्छ । नेपाली भाषा शिक्षकले भने झै मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापलाई कक्षाकोठामा कार्यान्वयनका क्रममा गरिने निरन्तर वा सुधारात्मक अभ्यास हो, जसले विद्यार्थीको अन्तरनिहित क्षमताको लेखाजोखा गर्ने काम गर्दछ भन्ने विचारमा सहमति जनाए । यसरी प्रधानाध्यापकले व्यक्त गरेका विचार हेर्दा विद्यालयको आधारभूत तहमा नियमित रूपमा आन्तरिक मूल्याङ्कन हुने गरेको देखिन्छ । विद्यालयको शैक्षिक उपलब्धि बढाउन के गर्नु पर्ला भन्ने अर्को प्रश्नमा प्रधानाध्यापकले विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावकबिच परस्पर समन्वय र सहकार्य हुनुपर्ने बताएका छन् । यदि शिक्षक, विद्यार्थी र अभिभावकबिच परस्पर समन्वय र सहकार्य हुन नसके विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन कठिनाइ हुने र विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन आफूले अभिभावकसँग बेलाबेलामा आवश्यक शैक्षिक तथा अन्य परामर्श लिने गरेको र अभिभावकहरूले दिएका सल्लाहबमोजिम कार्य गर्ने गरेको अनुभव सुनाएका छन् । प्रधानाध्यापकले विद्यार्थी, शिक्षक र अभिभावक सबैले आआफ्नो जिम्मेवारी प्रभावकारी रूपमा पूरा गरे विद्यालयमा शिक्षक तथा विद्यार्थीको हाजिरी कडाइका साथ लागु गर्न सकिने, शिक्षक र विद्यार्थीको उपस्थिति बढाउन सकिने र शैक्षणिक कार्यकलापलाई प्रभावकारी रूपमा अगाडि बढाउन सकिने समेत बताए । यसरी सूचक प्रधानाध्यापकहरूले प्रस्तुत गरेका विचार हेर्दा आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले शिक्षण सिकाइ कार्यकलापमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका आधारमा विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्न सकिने देखिन्छन् ।

## सहभागी नेपाली विषय शिक्षकका दृष्टिकोण

प्रस्तुत अध्ययनमा आन्तरिक मूल्याङ्कनले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भनी कैलाली जिल्लाको टीकापुर नगरपालिकाभित्रका नमुना छनोटमा परेका दसओटा विद्यालयका नेपाली विषयका शिक्षकलाई खुला प्रश्नावलीका माध्यमबाट आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पार्दछ भनी सोधिएको प्रश्नमा शिक्षकहरूले आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । उनीहरूका अनुसार आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ कार्यकलापलाई कक्षाकोठामा कार्यान्वयनका क्रममा गरिने निरन्तर वा सुधारात्मक मूल्याङ्कन भएको यसले विद्यार्थीको अन्तरनिहित क्षमताको लेखाजोखा गर्ने काम गर्ने गरेको बताएका छन् । विद्यार्थीको सिकाइ उपलब्धि बढाउन विद्यालय प्रशासनले निर्धारित समयमा मूल्याङ्कनका लागि आवश्यक पर्ने सामग्रीहरू, प्रश्नपत्र टाइपिङ कार्य, उत्तरपुस्तिका, रेर्कड फाइलहरू समयमा नै उपलब्ध गराउनु पर्ने बताएका छन् । यस्ता कार्यले विद्यार्थीको निरन्तर मूल्याङ्कन हुने र

विद्यार्थीहरूको सिकाइ उपलब्धि के कस्तो भई रहेको छ भनी अभिलेखीकरण गर्न समेत सजिलो हुने विचार शिक्षकहरूको राखेका छन् ।

आफूहरूले विद्यार्थीको सिकाइ उपलब्धि बढाउन विद्यालयमा विषयगत उपसमिति गठन गरिएको, महिनामा एक पटक उक्त समितिको नियमित बैठक बसी विद्यार्थीको सिकाइ उपलब्धि के कसरी बढाउन सकिन्छ भन्नेबारेमा विषयत समितिमा छलफल हुने गरेको अनुभव बताए । विषय शिक्षकलाई विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्दा तपाईले के कस्ता चुनौतीहरू भोग्नु भएको छ भनी सोधिएको अर्को प्रश्नमा सबैजना शिक्षकले प्रस्तुत गरेका विचार मिलेका छन्, जसमध्ये विद्यार्थीहरूले समयमा र नियमित रूपमा गृहकार्य नगर्नु, कक्षा कार्यमा रूचि नदेखाउनु, प्रश्न सोध्दा हेलचेक्रयाइँ गर्नु, साप्ताहिक कक्षा कार्य एकाइ परीक्षा र मासिक परीक्षामा न्युन सहभागिता हुने कुरा सबैभन्दा ठुलो चुनौतीका रूपमा देखापरेको अनुभव सुनाए । त्यस्तै आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ? भन्ने एक अर्को प्रश्नमा सबै विषय शिक्षकले सकारात्मक र नकारात्मक दुवै किसिमका प्रभाव पार्नसक्ने बताए । आन्तरिक मूल्याङ्कन गर्दा विद्यार्थीले आफूले गरेको गल्ती तथा कमजोरी समयमा नै थाहा पाई सुधार गर्ने मौका पाउँछन् भने शिक्षकले पनि आफ्नो शिक्षण कार्यलाई समयअनुसार परिवर्तन र परिमार्जन गर्ने अवसर पाउने बताए । आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ कार्यकलापमा बढी सकारात्मक प्रभाव पार्ने र विद्यार्थीमा परीक्षाप्रति सकारात्मक धारणाको विकास हुने, आ-आफ्ना कमजोरी पहिचान गरी सुधार गर्ने मौका पाउँने भएकाले विद्यार्थीको नियमित रूपमा आन्तरिक मूल्याङ्कन गर्नुपर्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

## सहभागी विद्यार्थीका दृष्टिकोण

प्रस्तुत अध्ययनमा आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्ता प्रभाव पारेका छन् भनी कैलाली जिल्लाको टीकापुर नगरपालिकाभित्र नमुना छनोटमा परेका दसओटा विद्यालयमा कक्षा आठमा अध्ययन गर्ने चालिसजना विद्यार्थीहरूलाई खुला प्रश्नावलीका माध्यमबाट आधारभूत तहमा हुने आन्तरिक मूल्याङ्कनले तपाईहरूको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ भनी सोधिएको प्रश्नमा उनीहरूले पस्तुत गरेको विचारको विश्लेषण गरिएको छ । उनीहरूले आन्तरिक मूल्याङ्कनले आफूहरूको सिकाइ उपलब्धिमा सकारात्मक र नकारात्मक दुवै किसिमका प्रभाव पारेको बताएका छन् । विषय शिक्षकले तपाईहरूको आन्तरिक मूल्याङ्कन गर्नु हुन्छ कि हुदैन भन्ने अर्को प्रश्नमा सबैजना विद्यार्थीले प्रायजसो शिक्षकले गर्ने गरेको बताए तर कसरी गर्नु हन्छ भनी सोधिएको अर्को प्रश्नमा हरेक शिक्षकले आ-आफ्नो तरिकाले अलगअलग किसिमबाट आन्तरिक मूल्याङ्कन गर्ने गरेको अनुभव बताए । उनीहरूले आन्तरिक मूल्याङ्कनअन्तर्गत कसैले मौखिक र

लिखित प्रश्न सोध्ने, कसैले कक्षा कार्य गर्न लगाउने, कसैले गृहकार्य लेख्न लगाउने र कसैले अतिरिक्त क्रियाकलाप गर्न लगाउने, अतिरिक्त क्रियाकलापअन्तर्गत विद्यालयको परिसर सरसफाइ गर्ने, फूलबारी रोप्ने, गोडमेल गर्ने, हाजिरी जवाफ, वादविवाद, वक्तृत्वकला, निबन्ध लेखन, चिठी लेखन, संवाद, सडक नाटक, पढाइप्रति अभिरूचि जगाउने खालका जनचेतनामूलक लघु नाटक आदि कार्यकलाप गराउने गरेको अनुभव बताए ।

विद्यालयका प्रधानाध्यापक र विद्यालय निरीक्षकबाट नियमित रूपमा तपाईहरूको कक्षा अवलोकन हुने गरेको छ कि छैन भन्ने फरक प्रश्नमा उनीहरूले प्रधानाध्यापक र विद्यालय निरीक्षकबाट नियमित रूपमा कक्षाकोठाको अवलोकन तथा निरीक्षण नहुने गरेको बताए । प्रधानाध्यापकले भने कहिलेकाँही कुनैकुनै कक्षाकोठा अवलोकन गर्ने गरेको बताए तर विद्यालय निरीक्षकबाट भने अहिलेसम्म कुनैपनि कक्षाकोठाको अवलोकन नभएको अनुभव सुनाए । उनीहरूले प्रधानाध्यापक र विद्यालय निरीक्षणबाट यदि नियमित रूपमा आफूहरूको कक्षाकोठाको अवलोकन भए शिक्षकको शिक्षण कार्यमा समेत नवीनता आउने अपेक्षा राखका छन् । कुन विषय शिक्षकले गरेको आन्तरिक मूल्याङ्कन तपाईहरूलाई सबैभन्दा राम्रो लाग्दछ र किन भन्ने अर्को प्रश्नमा सबैजसो विद्यार्थीले नेपाली विषय शिक्षकले गरेका हरेक आन्तरिक मूल्याङ्कन सबैभन्दा राम्रा लाग्ने गरेका बताए किनभने नेपाली विषय शिक्षकले खेल, गायन, वक्तृत्व, हाजिरीजवाफ, समूह कार्य, नृत्य कार्य आदिका माध्यमबाट आन्तरिक मूल्याङ्कन गर्ने भएकाले पनि अरू शिक्षकहरूले गरेका भन्दा राम्रो लाग्ने गरेको अनुभव बताए ।

यसरी आधारभूत तहमा आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावसम्बन्धी सहभागी प्रधानाध्यापक, नेपाली विषय शिक्षक र विद्यार्थीहरूले प्रस्तुत गरेका दृष्टिकोण हेर्दा सबै सहभागीहरूले आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने गरेको कुरा बताएका छन् । विद्यालय प्रशासन, विद्यालय निरीक्षक, विषयगत शिक्षक, अभिभावक, विद्यार्थी आदि सबैले आ-आफ्नो जिम्मेवारी कुसलतापूवक निर्वाह गरे शिक्षण सिकाइ प्रक्रियामा आन्तरिक मूल्याङ्कनभित्र देखापर्ने विभिन्न प्रभावलाई सहजै रूपमा न्युनीकरण गर्न सकिन्छ । विद्यार्थीको सिकाइ उपलब्धि बढाउन विद्यालय प्रशासनका साथै विषयगत शिक्षकको पनि अहम भूमिका रहने देखिन्छ । प्रधानाध्यापकले शिक्षण कार्यका लागि आवश्यक स्रोत साधनको उपलब्धता समयमा नै गराइ दिए र विषयगत शिक्षकले नियमित रूपमा आफ्ना शैक्षणिक गतिविधिमा सुधार ल्याई शिक्षण कार्य गरे तथा विद्यालय निरीक्षकबाट विद्यालय

प्रशासन र कक्षाकोठाको नियमित जसो अवलोकन र निरीक्षण भए विद्यार्थीको सिकाइ उपलब्धि सजिलै बढाउन सकिने देखिन्छ ।

**मूल्याङ्कनसम्बन्धी सहभागीका दृष्टिकोण**

शिक्षण सिकाइ कार्यकलापमा आन्तरिक मूल्याङ्कन विद्यार्थीको शैक्षिक उपलब्धि मापन गर्ने एक महत्त्वपूर्ण आधार हो । प्रस्तुत अध्ययनमा आधारभूत तहमा अध्ययनरत विद्यार्थीको आन्तरिक मूल्याङ्कन के कसरी गर्ने गरिन्छ वा हुने गरेको छ भनी नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक र विद्यार्थीहरूले प्रस्तुत गरेका विचारलाई विश्लेषणात्मक तरिकाले प्रस्तुत गरिएको छ । विद्यार्थीको आन्तरिक मूल्याङ्कन सम्बन्धमा दसजना प्रधानाध्यापकले व्यक्त गरेका विचारको विश्लेषण गरिएको छ । जसअन्तर्गत शैक्षिक सत्र शुरू भएको अवस्थादेखि नै शिक्षण सिकाइ क्रियाकलापसँगसँगै विद्यार्थीहरूले भाषा सिकाइमा के कति क्षमता हासिल गरे भनी गरिने कार्य आन्तरिक मूल्याङ्कन हो । यसमा विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्न लिइने लिखित परीक्षाका साथै अतिरिक्त क्रियाकलाप (ECA) र (CCA) अन्तर्गत गरिने सम्पूर्ण कार्य नै आन्तरिक मूल्याङ्कनअन्तर्गत पर्ने गर्दछन् । नेपाली विषय शिक्षकले आन्तरिक मूल्याङ्कन भनेको शिक्षण सिकाइ क्रियाकलापलाई कक्षाकोठामा कार्यान्वयनका क्रममा गरिने निरन्तर वा सुधारात्मक उद्देश्य परिपूर्ति गर्न उपयोग गरिने मूल्याङ्कन हो । यसले विद्यार्थीको अन्तरनिहित क्षमताको लेखाजोखा गर्ने कार्य गर्दछ । आन्तरिक मूल्याङ्कन गर्न विद्यालय प्रशासनले मूल्याङ्कनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री जस्तैः प्रश्नपत्रको निर्माण, टाइपिङ कार्य, उत्तरपुस्तिका निर्माण, अभिलेखीकरण फाइल उपलब्ध गराउने गरेको र सबैजसो शिक्षकहरूले विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्ने गरेको अध्ययनमा देखियो ।

अध्ययनमा प्रधानाध्यापकले नियमित र आकस्मिक तवरले कक्षाकोठाको अवलोकन गर्ने गरेको र विद्यालय निरीक्षकबाट कहिलेकाँही मात्र शिक्षकको कक्षा शिक्षणको अवलोकन हुने गरेको देखियो । विद्यार्थीहरूले पनि प्रधानाध्यापक र विद्यालय निरीक्षकबाट नियमित कक्षा अवलोकन नभई कहिलेकाँही मात्र अवलोकन हुने गरेको बताए । नेपाली विषय शिक्षकले आन्तरिक मूल्याङ्कनका लागि विद्यार्थीलाई कक्षाकार्य, गृहकार्य दिने, प्रश्न शोध्ने, प्रत्येक शुक्रवारका दिन समूह विभाजन गरी अतिरिक्त क्रियाकलाप (जस्तैः वादविवाद, वक्तृत्वकला, हाजिरी जवाफ, चिठी लेखन, निबन्ध लेखन गायन प्रतियोगिता) आदि कार्यकलापहरू गर्ने तथा गराउने गरेको अध्ययनमा पाइयो । आन्तरिक मूल्याङ्कनसम्बन्धी कार्यकलापले विद्यार्थी केही मात्रामा मात्र सन्तुष्ट रहेको पाइयो भने बढी मात्रामा असन्तुष्टि रहेको देखियो । विद्यार्थीले आन्तरिक मूल्याङ्कन एउटा मात्र विषयको नभई सबै विषयको हुनुपर्ने त्यसो भएपछि मात्र विद्यार्थीमा ज्ञानको दायरा बढ्ने र सिकाइ उपलब्धि

पनि राम्रो हुने बताएका छन् । अधिकाँश विद्यार्थीहरूले शिक्षकले गर्ने आन्तरिक मूल्याङ्कनसम्बन्धी कार्यकलाप पाठ्यक्रमले निर्धारण गरेका पाठ्यपुस्तकभित्रका अभ्यासका मात्र नभई पाठ्यपुस्तक बाहिरबाट पनि गराउनु पर्ने बताएका छन् । उनीहरूले पाठ्यपुस्तकभन्दा बाहिरबाट गरेको वा गराएको भए अझै प्रभावकारी हुने राम्रो कुरा बताएका छन् । त्यतिमात्र नभई आफूहरूको आन्तरिक मूल्याङ्कन गर्दा प्रधानाध्यापक र विद्यालय निरीक्षक दुवैको उपस्थिति नियमित भएको भए अझै राम्रो हुने धारणा विद्यार्थीहरूले राखेका छन् । यसरी आन्तरिक मूल्याङ्कनसम्बन्धी प्रधानाध्यापक, नेपाली भाषा शिक्षक र विद्यार्थीहरूले प्रस्तुत गरेका विचारलाई हेर्दा आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीहरूका सिकाइ उपलब्धि बढाउन आन्तरिक मूल्याङ्कन अति महत्वपूर्ण रहेको देखिन्छ । आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा मात्र नभई प्रधानाध्यापक र विद्यालय निरीक्षको अवलोकन गर्ने शैली, शिक्षकको शिक्षणीय कला तथा समग्र शिक्षण सिकाइ कार्यकलापमा सुधार गर्न, विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन, विद्यार्थीमा भाषिक तथा सिर्जनात्मक क्षमताको विकास गर्न आधारभूत तहमा आन्तरिक मूल्याङ्कन हुनुपर्ने आवश्यक पर्ने देखिन्छ ।

## शैक्षिक उपलब्धिसम्बन्धी सहभागीका दृष्टिकोण

विद्यार्थीको शैक्षिक उपलब्धिले शिक्षक, विद्यार्थी र विद्यालयको गरिमालाई बढाउने काम गर्दछ । शिक्षक र विद्यार्थीले शिक्षण सिकाइमा खर्चिने समय तथा विद्यार्थीले हाँसिल गरेको सिकाइ उपलब्धिका बिच अनुन्याश्रित सम्बन्ध रहेको हुन्छ । आन्तरिक मूल्याङ्कनका आधारमा शिक्षण सिकाइमा व्यतीत गर्ने समय बढेमा विद्यार्थीको सिकाइ उपलब्धि बढ्ने र समय घटेमा सिकाइ उपलब्धि घट्ने गरेको अध्ययनबाट स्पष्ट हुन्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले हालै प्रकाशित गरेको (सन् २०२४) कक्षा आठको नतिजाले पनि सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक उपलब्धि संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको दाँजोमा कम देखाएको छ । विद्यालयमा खाली कक्षा नहुनेको दाँजोमा खाली समयको सदुपयोग नगर्ने विद्यार्थीको शैक्षिक उपलब्धि उल्लेख्य मात्रामा कम रहेको देखिएको छ । यस तथ्यका आधारमा पनि विद्यालयमा हुने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पारेको देखिन्छ । आन्तरिक मूल्याङ्कनले विद्यालयमा विद्यार्थी नियमित रूपमा उपस्थित भए नभएको रेकर्ड हेर्न, शिक्षक तथा विद्यार्थीको हाजिरी हेर्न, कुन विद्यार्थी निर्धारित समयमा विद्यालयमा आउने वा जाने गर्दछ भनी हेर्न तथा अन्य विविध अतिरिक्त कार्य गर्न आन्तरिक मूल्याङ्कनले सहयोग पुऱ्याउने गरेको देखिन्छ । त्यतिमात्र नभई शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी तथा उपयोगी बनाउन आन्तरिक मूल्याङ्कन सहजीकरण हुने देखिन्छ । नेपाली भाषा शिक्षकबाट आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्नुका साथै

विद्यार्थीले आफ्ना कमी कमजोरी समयमै सुधार्ने मौका समेत पाउँने बताए भने शिक्षकलाई पनि शिक्षण कौशलमा सुधार गर्ने अवसर पाउनुका साथै विद्यार्थीको सिकाइगत क्षमता थाहा पाउँन सजिलो हुने बताए ।

**समाधानसम्बन्धी सहभागीका दृष्टिकोण**

हरेक समस्याको समाधान हुने गर्दछ । समाधान विनाको समस्यालाई कुनै पनि क्षेत्रमा समस्याका रूपमा लिन सकिदैन् । आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा पार्ने समस्या तथा प्रभाव र त्यसको समाधान कसरी गर्न सकिएला भनी प्रधानाध्यापक, नेपाली विषय शिक्षक र विद्यार्थीहरूलाई मौखिक प्रश्नका आधारमा मत सङ्कलन गरी तिनको विश्लेषण गरिएको छ । आधारभूत तहमा विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्दा के कस्ता समस्याहरू आउने गरेका छन् र तिनको समाधान कसरी गर्न सकिएला भनी प्रधानाध्यापकलाई सोधिएको प्रश्नमा प्रधानाध्यापकहरूले साझा विचार प्रस्तुत गरेका छन् । जसअन्तर्गत एकदेखि आठ कक्षासम्म नेपाल सरकारको निशुल्क शिक्षा दिने नीति भएका कारण परीक्षा शुल्क लिन नपाइने र परीक्षा शुल्क नलिई मूल्याङ्कन गर्दा समस्या आउने गरेको बताएका छन् । विद्यार्थीबाट लिइने परीक्षा शुल्कका लागि नगरपालिकाको भर पर्नुपर्ने भएकाले पनि समस्या आउने गरेको बताएका छन् । विभिन्न शीर्षकमा बनाइएका विभिन्न प्रकारका मूल्याङ्कन विधि र राष्ट्रिय मापदण्डअनुसार केही शिक्षकहरूले एकनाश तरिकाले मूल्याङ्कन गरी दिँदा विद्यार्थीको वास्तविक ज्ञानको सक्षमता निर्धारण गर्न नसकिने भएकाले समस्या आउने गरेको बताए ।

त्यस्तै नेपाली भाषा शिक्षकहरूले विद्यार्थीले निर्धारित समयमा र नियमित रूपमा गृहकार्य नगर्नु, कक्षा कार्यमा रूचि नदेखाउनु, प्रश्न सोध्दा हेलचेक्र्याइँ गर्नु, साप्ताहिक, एकाइ, मासिक र अद्धवार्षिक परीक्षामा न्युन सहभागिता हुनु आदि प्रमुख समस्या भएका र यिनीहरूले विद्यार्थीको आन्तरिक मूल्याङ्कनमा कठिनाइ सिर्जना गर्ने बताए । कतिपय विद्यार्थीहरूको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले नियमित रूपमा कक्षामा उपस्थित हुन नसक्नु पनि प्रमुख समस्याका रूपमा देखापरेको बताए । आर्थिक अवस्थाका कारण उनीहरूले आफूलाई आवश्यक पर्ने कापी, कलम, कितावका साथै शिक्षणसँग सम्बन्धित विभिन्न शैक्षणिक सामग्रीहरूको उपयोग गर्न नसक्ता आन्तरिक मूल्याङ्कनमा समस्या आउने गरेको बताए । आन्तरिक मूल्याङ्कनमा देखिएका विभिन्न समस्याहरूको समाधान गर्न निश्चित कक्षा समूह र तहका लागि पूर्व निर्धारित साधनको प्रयोग गर्नुपर्ने, कक्षा, एकाइ, परीक्षा, अवलोकन आदि कार्यमा सुधार गर्नुपर्ने बताए । उपलब्ध मापदण्ड र विधिअनुसार, तहगत रूपमा सक्षमता मूल्याङ्कन विधिपूर्वक सहकर्मी शिक्षकले गरेमा सहजै समाधान हुन सक्ने कुरालाई पनि नकार्न नसकिने बताए । नेपाली भाषा शिक्षकका दृष्टिमा आन्तरिक मूल्याङ्कनले सिकाइ उपलब्धिमा सकारात्मक

प्रभाव पर्ने भएकाले विद्यार्थीमा पढाइप्रति सकारात्मक धारणाको विकास गर्नुपर्ने र विद्यार्थीले आफूले गर्ने गल्ती तथा कमजोरीको पहिचान गरी सुधार गर्ने मौका पाउँने बताए । शिक्षकले पनि विद्यार्थीको पटकपटक आन्तरिक मूल्याङ्कन गर्ने अवसर प्राप्त गर्ने र विद्यार्थीमा पनि पढाइमा रूचि जागृत हुने, पढाइप्रति मोह जगाउने, सकारात्मक पुर्नबल दिई पढ्नका लागि उत्प्रेरणा जगाउने बताए । यस्ता प्रकारका कार्यले विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्दा देखापर्न सक्ने विभिन्न समस्याहरू बिस्तारै दूर भएर जाने बताए ।

विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्न अतिरिक्त क्रियाकलापले विशेष सहयोग पुऱ्याउँछ । जसअन्तर्गत विद्यालयको परिसर सरसफाइ गर्ने, फूलबारी रोप्ने तथा गोडमेल गर्ने, हाजिरी जवाफ, वादविवाद, वक्तृत्व, निबन्ध लेखन, चिठी लेखन, संवाद, सडक नाटक, पढाइप्रति अभिरूचि जगाउने, जनचेतनामूलक लघु नाटक आदि कार्यकलाप गराइने गरिन्छ । अन्य विषयका शिक्षकका दाँजोमा नेपाली विषयका शिक्षकले आन्तरिक मूल्याङ्कन गर्दा अपनाउने तौर तरिका औंधी राम्रो लागेको विद्यार्थीहरूले बताएका छन् । नेपाली विषय शिक्षकले विद्यार्थीको समूह विभाजन गरेर अतिरिक्त कार्यकलाप गर्ने गरेकाले पनि सबै विद्यार्थीहरूले समान किसिमले सिक्ने अवसर पाउने गरेका र सबैको उपस्थिति समान किसिमले हुने गरेकाले पनि शिक्षण सिकाइ कार्यकलाप आन्तरिक मूल्याङ्कन प्रभावकारी हुने गरेको बताएका छन् ।

**निष्कर्ष**

आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलाप र तत्पश्चात प्राप्त शैक्षिक उपलब्धिले विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई महत्त्वका साथ हेर्दछ । आन्तरिक रूपमा गरिने मूल्याङ्कनले शिक्षण सिकाइ क्रियाकलापमा अपेक्षित उपलब्धि हासिल भए नभएको कुरालाई केन्द्रविन्दुमा राखी समग्र शैक्षिक कार्यक्रमको लेखाजोखा गर्न सहज पुऱ्याउँछ । शिक्षण सिकाइ कार्यकलापले बालबालिकाहरूमा देखापरेका व्यवहारिक परिवर्तनबारे थाहा पाउन, शैक्षिक प्रगति अवनती पत्ता लगााउन, विद्यार्थीको सिकाइ स्तरको अवस्था पहिचान गर्न आन्तरिक मूल्याङ्कन गर्ने गरिन्छ । आन्तरिक मूल्याङ्कनले विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गर्दै आवश्यकताअनुसार उपचारात्मक सहयोग उपलब्ध गराउँन र अपेक्षित उपलब्धि प्राप्त गर्न निरन्तर मूल्याङ्कन गर्नुपर्ने हुन्छ । आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा बढी प्रभाव पार्दछ । विद्यार्थीमा मूल्याङ्कनको प्रभाव सकारात्मक परेको छ भने सिकाइ उपलब्धि राम्रो हुने र मूल्याङ्कनको प्रभाव यदि नकारात्मक परेको छ भने सिकाइ उपलब्धिमा अवरोध भई सिकाइ पनि नराम्रो हुने गर्छ । बालबालिकाहरूका लागि आन्तरिक मूल्याङ्कन सिकाइमा देखिएका विविध समस्याहरू सुधार गर्ने, शिक्षण सिकाइ कार्यकलापका सम्पूर्ण प्रक्रियामा सुधार गर्ने,

विद्यार्थीको शैक्षिक स्तर थाहा पाउने, विद्यार्थीमा देखिएका विभिन्न कमी कमजोरी केलाई सुधारका लागि पृष्ठपोषण दिने, विद्यार्थीको क्षमता र कमजोरी पत्ता लागाउने, विद्यार्थीलाई सिकाइप्रति अभिप्रेरित गर्ने र समग्र शैक्षिक प्रणालीमा आवश्यक सुधार गर्न आन्तरिक मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका खेल्दछ ।

आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनभित्र निरन्तर मूल्याङ्कन प्रक्रियालाई बढी महत्त्वका साथ हेरिएको कुरा सूचक प्रधानाध्यापक, शिक्षकका विचारमा स्पष्ट भएको पाइन्छ । सूचकका अनुसार विद्यार्थीमा सिकाइको स्तर पत्ता लगाउन, कम सिकेका वा सिक्न नसकेका विद्यार्थीहरूका लागि सुधारात्मक शिक्षण अभ्यासमा जोड दिन, विद्यार्थीलाई भाषिक सिप सिक्नका लागि अभिप्रेरित गर्न सहयोग पुऱ्याउने कुरा स्पष्ट देखिन्छ । वहाँहरूका दृष्टिमा आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा धेरैजसो सकारात्मक प्रभाव पार्ने भएकाले शैक्षिक क्षेत्रमा यसको बढी महत्त्व रहेको देखिन्छ । निरन्तर मूल्याङ्कन हुने विद्यार्थीको सिकाइ उपलब्धि राम्रो भएको पाइन्छ । कक्षाकोठामा आन्तरिक मूल्याङ्कन गर्न विद्यार्थीलाई कक्षा कार्य गराउने, परियोजना कार्य गर्न लगाउने, व्यवहार परिवर्तनसम्बन्धी कार्य गर्ने, सिर्जनात्मक कार्य गर्न लगाउने, हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्न लगाउने, विद्यालयको हाता सरसफाइ गर्न लगाउने गरेको पाइन्छ । यसरी माथिका विभिन्न तथ्य तथा विश्लेषणका आधारमा आधारभूत तहमा गरिने आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलबिधमा प्रत्यक्ष तथा परोक्ष प्रभाव पारी विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन महत्त्वपूर्ण भूमिका खेल्दछ ।

## सन्दर्भ सामग्री

अधिकारी, बिष्णुप्रसाद (२०७६). *निम्न माध्यमिक तह अध्यापन अनुमति पत्र परीक्षा दर्पण.* आशिष बुक हाउस ।

आचार्य, पदमराज (२०७५). *प्राथमिक शिक्षक अध्यापन अनुमति पत्र दिग्दर्शन.* पैरवी प्रकाशन ।

गोतामे, विष्णुप्रसाद (२०७०). *शिक्षक तालिमको प्रभावकारिताले सिकाएका पाठहरू.* शिक्षा, पृ. १२७-१४० ।

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* कानुनी किताव व्यवस्था समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०६९). *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६–८).* सानोठिमी ।

पाठ्यक्रम विकास केन्द्र (२०७७). *प्रारम्भिक बाल विकास तथा शिक्षाको पाठ्यक्रम.*सानोठिमी

पाठ्यक्रम विकास केन्द्र (२०७७). *आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम.* सानोठिमी ।

पाठ्यक्रम विकास केन्द्र (२०७६). *राष्ट्रिय पाठ्यक्रम प्रारूप.* सानोठिमी ।

पाठ्यक्रम विकास केन्द (२०७६). *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन.* सानोठिमी ।

पुनवार्स नगरपालिका (२०७८). *विद्यार्थी मूल्याङ्कन तथा व्यवस्थापन कार्यविधि.* ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७५). *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन ।

पौडेल, वनिता (२०६५). *प्राथमिक तहका शिक्षकहरूको पेसागत दक्षताको स्थिति.* अप्रकाशित शोधपत्र. पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, लेखनाथ, खनाल, पेशल र अधिकारी, नारायणप्रसाद (२०६६). *शैक्षिक मनोविज्ञान,* कीर्तिपुरः सनलाइट प.

शर्मा, गोपीनाथ ( २०७१). *नेपालको शैक्षिक इतिहास.* मकालु प्रकाशन ।

शिक्षा ऐन (२०२८) एवम् शिक्षा नियमावली (२०५९). कानुन किताव व्यवस्था समिति ।

शिक्षा मन्त्रालय (२०७३). विद्यालय क्षेत्र विकास योजना. शिक्षा मन्त्रालय ।